# आ.व. २०८१/०८२ का लागि माइजोगमाई गाउँपालिकाको सोह्रौं गाउँभसा अधिवेशनमा गाउँपालिका उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक प्रविना राईले पेश गर्नु भएको

# बजेट भाषण

## २०८१/०३/१०

**माइजोगमाई गाउँपालिका**
**कोशी प्रदेश नयाँबजार, ईलाम**

**सभाध्यक्ष ज्यू,**

यस गाउँपालिकाको **बजेट तथा कार्यक्रम तर्जुमा** समितिको संयोजकको हैसियतले आ.व. २०८१/०८२ को आय व्यय विवरण (बजेट) प्रस्तुत गर्न चाहान्छु ।

१. यस अवसरमा म राष्ट्रिय स्वाधिनताको रक्षा र संघीय गणतन्त्र निर्माणसम्म आउँदा राष्ट्रको लागि बलिदान दिनुहुने सबै महान् शहिदप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

२. **समृद्ध गाउँपालिका र सुखी जनता**को अभियान पूरा गर्नका लागि अहोरात्र खटिने सबै राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधि एवम् सबै माइजोगमाइवासी नागरिकप्रति आभार व्यक्त गर्दछु ।

३. संविधानको मुख्य मर्म अनुसार वित्तीय संघीयताअन्तर्गत आन्तरिक श्रोत सङ्कलन र परिचालन हो तर सङ्कलित राजश्वको अवस्था हेर्दा न्यून रुपमा आन्तरिक आय सङ्कलन भएको देखिन्छ । नागरिकहरुले तिरेको करबाट नै सबल र सक्षम स्थानीय तह निर्माण हुने हो । अतः सम्पूर्ण माइजोगमाईवासी नागरिकहरुमा तोकिएको समयमा आफूले तिर्नु पर्ने करहरु समयमा नै तिरिदिनु हुन सादर अनुरोध गर्दछु । यहाँहरुले तिरेको करको सही र समुचित सदुपयोग गरि माइजोगमाई गाउँपालिकालाई समृद्ध बनाउने कार्यमा सदैब लाग्न हामी प्रतिवद्ध छौँ ।

४. माइजोगमाइ गाउँपालिकाको सम्पूर्ण विकासको लागि **समृद्ध गाउँपालिका र सुखी जनता** भन्ने मूल नाराअनुसार आवधिक योजना अद्यावधिक गरी स्थानीय आवश्यकतालाई सम्बोधन गर्नु हाम्रो कर्तव्य हो । नागरिकहरुको विकासप्रतिको सकारात्मक सोच र चाहना, स्थानीय आवश्यकता पहिचान, सामाजिक, आर्थिक र विकासात्मक गतिविधिलाई नागरिकमैत्री बनाउनु पर्ने आवश्यकताअनुरुप संघीय सरकार र प्रदेश सरकारबाट सन्चालन हुने कार्यक्रमलाई एकरुपता दिने प्रयास गरिएको छ ।

५. यस अवधिमा प्रदेश सरकार र संघीय सरकारबाट प्राप्त हुने बजेट र स्थानीय आयबाट प्राप्त हुने बजेटको संयोजन गरेका छौँ । स्थानीय माग र आवश्यकता धैरै छन् र सबै क्षेत्रलाई समेटेर बजेट निर्माण गरी सम्बोधन गर्नु चुनौतीपूर्ण अवस्था हो । तथापि उपलब्ध श्रोत र साधनको समुचित बाँडफाँडको लागि विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासनको माध्यमबाट आर्थिक तथा सामाजिक पूर्वाधार विकासका क्षेत्रमा श्रोत र साधनलाई केन्द्रित गरिएको छ ।

**सभाध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०८०/०८१ मा घोषित **नीति तथा कार्यक्रम**बाट प्राप्त भएको मुख्य–मुख्य उपलब्धिलाई संक्षेपमा राख्न चाहन्छु ।

- फाईबर खरिद गरी वडा नम्बर ३ र ४ मा जडान गरी संचालन गरीएको
- वडा कार्यालयहरुलाई पूर्ण रुपमा सिसिटिभिको निगरानी गरीएको
- सूचना प्रविधि क्षेत्रमा उल्लेखनिय फड्को मार्दै आइपी फोन/सिसि टिभि लगायत प्रविधि जडान गरीएको
- विद्यालयलाई शुसासन युक्त बनाउन १० वटा विद्यालयहरुमा ई-हाजिरी जडान गरीएको
- सहकारीको क्षेत्रमा कोपोमिस र लेखापालन तालिम संचालन गरीएको।
- कर्मचारी अभावलाई परीपूर्ति गर्न कार्यपालिकाबाट निर्णय गरी थप प्रशासनीक कर्मचारी प्रदेश लोकसेवा आयोग समक्ष माग गरीएको।
- लक्ष्ति वर्ग अन्तर्गत आदिवासि जनजाति/ महिला समन्वय समिति/ दलित समन्वय समिति/ अपाङ्ग समन्वय समिति/ जेष्ठ नागरीक तथा युवाहरुको समिति बनाई कार्यक्रमहरु संचालन गरीएको।
- कार्यालयमा सूत्र/राजश्व मोडुल सूत्र/ सिफारीस/ इ-हाजिरी/ दर्ता चलानी/ योजना/पाम्स/कर संकलन प्रणाली/ संघ संस्था दर्ता/ जिन्सी व्यवस्थापन प्रणाली लगायत १० वटा बढि सरकारी तथा गैर सरकारी सफ्टवेयर संचालन गरी कार्यालय संचालन प्रविधियुक्त नाईएको।
- आयोजनाहरु संचालन गर्ने क्रममा १७ वटा ठूला आयोजनाहरु विद्युतिय ठेक्का आव्हान गरी काम संचालन भइरहेको र बाँकी आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन भई भुक्तानीको प्रकृया भईरहेको।
- मा.वि. तहस्तरीय हाजिरी जवाफ प्रतियोगिता- ९ वटा मा. वि. को सहभागिता
- आ.वि. तह(१-५) स्तरीय मार्वल रनिङ प्रतियोगिता
- कक्षा ६-१० अध्ययनरत विद्यार्थीहरुलाई दुर्व्यसनी विरुद्दको सचेतना कार्यक्रम
- अध्यक्ष उपाध्यक्षसँग विद्यार्थी अन्तरकृया कार्यक्रम- आ.वि. तह(१-५) शैक्षिक सामाग्री वितरण सहित र मा.वि. तह(६-८ बृहत अन्तरकृया सहित)
- कक्षा १-५ को स्थानीय पाठ्यक्रम निर्माण- अन्तिम चरणमा
- आ. वि. तह (६-८) स्तरीय गणितिय खेल प्रतियोगिता
- शिक्षा शाखा र जनप्रतिनिधिसँग अभिभावक अन्तरकृया कार्यक्रम।
- विद्यालय जाने वालवालिकाहरुलाई आँखा परिक्षण गरी उपचार स्वास्थ्य शिक्षा साथै चस्मा वितरण- सामुदायिक तथा संस्थागत सबै विद्यालयहरुलाई

- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरुको निशुल्क भिडियो एक्स-रे सेवा प्रदान
- संस्थागत प्रशुतीलाई प्रोत्साहन स्वरुप रु. ३०००/- तीन हजार पोषण खर्च प्रदान
- विगत १० बर्ष भन्दा बढि समयबाट काम गर्दै आएका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई ६० बर्ष पुगेपछि सम्मान तथा प्रोत्साहन सहित विदाई
- क्षयरोग का बिरामिहरुलाइ पत्ता लागाउनका लागि स्वास्थ्य संस्थाको पहुच भन्दा टाडाका दुर्गम बस्तीहरुमा माइक्रोस्कोपिक क्याम्प संचालन तथा खोज पड्ताल गरिएको।
- नसर्ने रोग लाइ नियन्त्रणमा ल्याउनका लागि सरोकार वाला हरुसँग अन्तरक्रिया ,जनचेतना मुलक कार्य्रम गर्नुका साथै प्रतेक वडामा २-२ जनाका दरले म.स्वा.स्वयं सेविकाहरुलाइ तालिम प्रदान गरि सुगर र प्रेसर जाँच गर्ने ब्यवस्था मिलाइएको।
- जेष्ठ नागरिकहरुलाई वडा वडामा गएर सम्मान सहित न्यानो कपडा बितरण गरिएको।
- माईजोगमाई गाउँपालिका भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने २५०० लाभग्राहीहरुलाई १०,५५,३७,००० रकम EFT मार्फत लाभग्राहीलाई बितरण गरिएको।
- अपङ्गता भएका ब्यक्तिहरुको स्थलगत अनुगमन गरी नयाँ परिचय पत्र बितरण गरिएको।
- टोल बिकासहरु गठन गरी सुदृढिकरण गर्दै गरिएको।
- जेष्ठ नागरिकहरुलाई परिचय पत्र बितरण गरएको।
- बालमैत्री स्थानीय शासन कार्यक्रमलाई निरन्तर्ता दिई बिद्यालयहरुलाई डस्वीन बितरण गरियो।
- वाल क्लव गठन तथा सुचिकृतको कार्यक्रम सम्पन्न भएको।
- माईजोगमाई गाउँपालिकाको सवै वडामा सामाजिक सुरक्षा र पञ्जिकरणको काम अनलाईन बाट गर्दै आएको र उक्त सफ्टवेयहरु संचालन गर्नको लागि VPN जडान गरि संचालन गरिएको।

**सभाध्यक्ष ज्यू,**

आगामी अ.ब. २०८१/०८२ का लागि नीति तथा कार्यक्रमले तय गरेका कार्यक्रमहरुलाई पूरा गर्नका लागि बजेट बिवरण प्रस्तुत गर्न चाहन्छु-

**सभाध्यक्ष ज्यू**

आगामी आ. व. २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेटको सोच, लक्ष्य र प्राथमिकता तथा वार्षिक बजेट तयार गर्दा अपनाइएका आधारहरूको बारेमा उल्लेख गर्न चाहन्छु :

१. सोचः "समृद्ध गाउँपालिका र सुखी जनता"

२. **लक्ष्यः** नेपालको संविधान र स्थानीय सरकार सन्चालन ऐनको मर्मअनुरूप स्थानीय नागरिकलाई श्रोत, साधन र अधिकार सम्पन्न बनाई नागरिकले शासन गरेको अनुभूत हुने गरि सेवा प्रवाहमा गुणात्मक सुधार गरि **नमूना गाउँपालिका** बनाउने ।

३. **उद्वेश्य तथा प्राथमिकताः**

(क) दिगो विकासका लक्ष्य हासिल गर्न सामाजिक आर्थिक पूर्वाधारका कार्यक्रममा लगानी गर्ने,

(ख) विकासका सबै पक्षधरसँगको समन्वयात्मक सहकार्यबाट **समृद्ध गाउँपालिका र सुखी जनता**को मूल नारालाई साकार पार्न सहकार्य गर्ने,

(ग) स्थानीय सरकारको रूपमा स्थापित गर्न नागरिकलाई प्रदान गरिने सबै प्रकारका सेवाहरू विना झन्झट सहज र सरल रूपमा प्रवाह गर्ने व्यवस्था मिलाउने,

(घ) सुशासनका सबै मापदण्डहरूलाई पालना गर्दै सबैभन्दा नजिकको स्थानीय सरकारको रूपमा रहेको अनुभूती दिलाउने।

**बजेटका उद्देश्यहरू हासिल गर्न देहाय बमोजिम प्राथमिकता निर्धारण गरेको छुः**

(क) कृषी क्षेत्रको विकासमार्फत् उत्पादनशील रोजगारी सृजना गर्नका लागि संघ, प्रदेश, निजी क्षेत्र, गैर सरकारी क्षेत्र र सहकारी क्षेत्रसँगको साझेदारीमा जोड दिने ।

(ख) सबै प्रकारका विभेद अन्त्य, असमानता न्यूनीकरण र सामाजिक न्यायका मान्य सिद्धान्तका आधारमा विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच वृद्धि गर्ने ।

(ग) लैङ्गिक, अल्पसङ्ख्यकहरूलाई स्वरोजगार बनाउनका लागि उनीहरूको सीप तथा दक्षतामा अभिवृद्धि गर्ने ।

(घ) गाउँपालिकाको सेवा प्रवाहलाई आधुनिक प्रविधिमैत्री बनाई सेवा प्रवाहमा सबै नागरिकको सहज पहुँच, गुणस्तरीय सेवा प्रवाह, विकासप्रति नागरिकको अपनत्व ग्रहण र उत्तरदायी एवम् सुशासनको प्रत्याभूती गराउने ।

**गाउँपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गर्दा निम्न विषयहरूलाई आधार लिइएको छः**

(क) नेपालको संविधान, २०७२
(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
(ग) पन्ध्रौं योजना
(घ) सघीय सरकार र प्रदेश सरकारको आ.व. २०७९/०८० को नीति कार्यक्रम तथा बजेट
(ङ) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(च) स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
(छ) माइजोगमाई गाउँपालिकाको आवधिक विकास योजना
(ज) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन
(झ) नेपाल सरकारले अन्तर्राष्ट्रिय मन्चमा प्रतिवद्धता गरेका दिगो विकासका लक्ष्यहरू
(ञ) राजश्व परामर्श समितिको प्रतिवेदन
(ट) बजेट सीमा निर्धारण समितिको निर्णय
(ठ) बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकको निर्णय
(ड) कार्यपालिका बैठकको निर्णय
(ड) गाउँसभा बैठकले पारित गरेको नीति तथा कार्यक्रम

**सभाध्यक्ष ज्यू**

अब म यस सभासमक्ष आगामी आ.व. २०८१/०८२ को लागि राजश्व र व्ययको अनुमान (बजेट) पेश गर्ने अनुमती चाहन्छु:

**जनस्वास्थ्यतर्फ**

१. १५ वेडको माइजोगमाई आधारभूत अस्पतालको ठेक्काको हाल सम्म बेस/सब बेस निर्माण गरी पिल्लर तथा एक तला छत डलानको कार्य सम्पन्न भई सकेको र तोकिएको समयभित्र नै उक्त भवनको निर्माण कार्य सम्पन्न गर्नका लागि पहल गरिने छ । त्यसका लागि सरोकारवाला सबैको साथ र सहयोगको अपेक्षा लिएको छु ।

२. नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हकअन्तरगत नागरिकले प्राप्त गर्ने **निशुल्क आधारभूत स्वास्थ्य सेवा** प्रदान गर्ने उद्देश्यले सबै वडाहरूमा आधारभूत स्वास्थ्य केन्द्र स्थापना भै सकेको हुँदा सबै वडा स्वास्थ्य केन्द्रबाट नै नेपाल सरकारबाट प्राप्त हुने **निशुल्क औषधी**हरू वितरणको कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु। ४ नं. वडाको आधारभूत स्वस्थ्य केन्द्रको भवन निर्माण गर्नका लागि सङ्घीय सरकारसँग बजेट माग गरिने छ ।

३. **विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रम**अन्तर्गत ८ वटा माध्यमिक विद्यालयमा विद्यालय स्क्रिनिङ्ग कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

४. समुदायमा **मुटु, मृगौला, चिनी रोगसम्बन्धी स्वास्थ्य जाँच** तथा नसर्ने रोगहरूसम्बन्धी **स्वास्थ्य शिविर** सन्चालन गरिने व्यवस्थाको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । क्यान्सर, मुटु, मृगौलाको शल्यक्रियाजस्ता कडा रोग लागि उपचार गर्न नसक्ने अवस्था भएका अति विपन्न परिवारलाई यकिन गरि **औषधी उपचारमा आवश्यक सहयोग**को व्यवस्था मिलाईने छ । साथै नेपाल सरकारले तोके बमोजिम दिर्घरोगीहरुका लागि सोधभर्नाको लागि रु १००००००/- बिनियोजन गरेको छु ।

५. गर्भवती जाँच तथा प्रसुती सेवा प्रवर्द्धन कार्यक्रमअन्तगर्तत हरेक गर्भवती महिलाहरूलाई क्याल्सियम ट्याब्लेट र आइरन चक्की बितरण कार्यलाई प्रवाकारी बनाइने छ । यसबाट आमा र बच्चाहरूको स्वास्थ्य मजबुत गर्न सहयोग पुगी दीगो विकासको सूचकमा सहयोग पुग्ने विश्वास लिएको छु ।

६. सुरक्षित रूपमा प्रसुती गराउनका लागि सूचीकृत स्वस्थ्य संस्थामा प्रसुती सेवा लिएमा प्रतिमहिला रु. १०००। का दरेल प्रोत्साहन रकम उपलब्ध गराउनका लागि आवश्क बजेट बिनियोजन गरेको छु ।

७. ग्रामीण भेगमा अल्ट्रा साउण्ड कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

८. महिला स्वास्थ्य स्वयमसेवीकाहरूको वृत्ती विकासको लागि स्वयमसेवीका कोषमा आवश्यक बजेटको व्यवस्था मिलाएको छु । उनीहरूलाई काम प्रति जिम्मेवार बनाउन एवं उत्प्रेरित गर्न पुरस्कृत गर्ने व्यवस्था मिलाएको छु ।

९. माइजोगमाई गाउपालिका अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र प्याङबाट **स्वस्थ्य बीमा कार्यक्रम** सञ्चालनका लागि आवश्यक बजेट बिनियोजन गरेको छु । यस कार्यक्रमबाट गाउँपालिकाका नागरिकले सहज रूपमा सेवा पाउने कुरामा विश्वास लिइएको छ ।

१०. **सुत्केरी प्रोत्साहन कार्यक्रम** अन्तरगत गाउँपालिका अन्तर्गतका स्वस्थ्य संस्थामा प्रसुती गराउने महिलालाई रु. ३००० र स्वास्थ्य प्रोटोकलअनुसार स्वास्थ्य केन्द्रमा ८ पटक चेक जाँच गर्न आउने गर्भवती महिलाहरूलाई प्रदान गर्दै आएको रु. ८०० भत्तालाई निरन्तरता दिएको छु ।

गाउँपालिकामार्फत् स्वास्थ्यतर्फ रु. ४५,००,००० (पैतालिस लाख) बजेट विनियोजित गरीएको छ । सशर्तमा प्राप्त बजेट रु **३,३०,५७,०००/-** (**तिन करोड तीस लाख सन्ताउन्न हजार**) गरि जम्मा **३,७५,५७,०००/-।** ( **तिन करोड पचहत्तर लाख सन्ताउन्न हजार** ) बजेट विनियोजित गरिएको छ ।

शिक्षा, युवा तथा खेलकुदतर्फ

११. प्रारम्भिक बाल विकास केन्द्र र विद्यालयका कर्मचारीहरूलाई सङ्घीय सरकारले उपलब्ध गराउने पारिश्रमिक रकममा **रु. १६ हजारमा** नपुग हुन आउने रकम गाउँपालिकाबाट नै भुक्तानी दिने व्यवस्थालाई निरन्तरता दिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१२. प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरूमा अतिरिक्त क्रियाकलापमा सहभागी गराई पठनपाठनमा सहयोग गर्ने उद्देश्यले नृत्य प्रतियोगिता गराउन, आधारभूत तहका

विद्यार्थीहिरुका लागि गणितीय खेल प्रतियोगिता र माध्यमिक तहका विद्यार्थीहरुका लागि हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्नका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

१३. शैक्षिक सुधारअन्तर्गत पालिकाभित्रका सबै विद्यालयमा **स्थानीय पाठ्यक्रम** बनाई पढाईमा एकरूपता ल्याउनका लागि एक **कार्यदल गठन** गरि स्थानीय पाठ्यक्रम निर्माण भईसकेकोले आगामि वर्षमा तदनुसार पाठयपुस्तकहरु छपाई पठनपाठन गराउने व्यवस्था मिलाईने छ।

१४. **राष्ट्रपती रनिङ शील्ड** प्रतियोगितालाई उत्सवको रूपमा सन्चालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु । यसबाट विद्यालय तहबाट नै विभिन्न विधामा प्रतिभा पहिचान गर्न सहयोग पुग्ने विश्वास लिएको छु ।

१५. युवाहरूलाई खेलकुदमा आकर्षित गरि सर्वाङ्गीण विकासको लागि **अध्यक्ष कप फूटबल प्रतियोगिता** सन्चालनको लागि आवश्यक व्यवस्था मिलाएको छु । यसबाट स्थानीयस्तरमा खेलाडी उत्पादनको लागि आवश्यक सहयोग पुग्ने विश्वास लिएको छु ।

१६. सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि शिक्षक र अभिभावकबीचमा अन्तक्रिया सञ्चालन गर्नका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ । यसले गर्दा विशेष गरी सामुदायिक विद्यालयमा पठनपाठन, व्यवस्थापनमा सुधार हुने विश्वार लिएको छु ।

१७. बालविकास केन्द्रलाई व्यवस्थित रुपमा सञ्चालन गरी बालबालिकाको शिक्षण सिकाईलाई प्रभावकारी बनाउनका लागि अभ्यास पुस्तिका तयार गरी लागू गर्न आवश्यक बजेट बिनियोजन गरिएको छ ।

१८. प्राथमिक तहमा अङ्ग्रेजी र गणित विषयको शिक्षण सिकाईलाई समसामयिक र प्रभावकारी बनाउनका लागि आवासिय कार्यशाला गोष्ठी सञ्चालन गरिने छ । उक्त कार्यका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

१९. **गाउँपालिकाबाट शिक्षातर्फ** रु. **१,०५,००,०००।-** ( **एक करोड पाँच लाख**) बजेट विनियोजन गरीएको छ। सशर्तको बजेट रु. १४,४४,११,००० (**चौध करोड चौवालीस लाख एघार हजार रुपैयाँ मात्र** ) गरि जम्मा रु. **१५,४९,११,०००/-** (**पन्ध्र करोड उन्चास लाख एघार हजार**) बजेट व्यवस्थापन गरीएको छ ।

खानेपानी तथा सरसफाईतर्फः

२०. वडा नं. ६ का वडाबासीहरुलाई शुद्ध पिउने पानी बितरण गर्नका लागि फलाटे खानेपानी आयोजन अन्तर्गत रु. **१ करोड ७५** लाख बजेट संघिय विशेष अनुदान मार्फत कार्यक्रम सञ्चालनमा रहेको छ।

२१. शुद्ध खानेपानीको धाराबाट बन्चित भएका अति विपन्न परिवारहरूलाई यकिन गरि विपन्न नागरिकलाई खानेपानी व्यवस्था गर्नका लागि खानेपानीको मुहान संरक्षणमा आवश्यक बजेट बिनियोजन गरेको छु।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

(**महिला, बालबालिका, जेष्ठ नागरिक, आदिवासी जनजाती, अपाङ्ग, दलितलगायत एवम् समावेशीकरण**)

२२. युवाहरूलाई सीपमुलक व्यवसायमा आवद्ध गर्नका लागि मोबाइल मर्मत गर्ने, वाइरिङ्गलगायतका तालिम सञ्चालन गर्नका लागि आवश्यक बजेट बिनियोजन गरेको छु। यसबाट जिविकोपार्जन गर्नका लागि विदेश गइरहनु पर्ने अवस्थामा कमी आउने विश्वास लिइएको छ।

२३. लक्षित वर्गतर्फका कार्यक्रमहरु सञ्चालन गर्नका लागि कार्यविधि तयार गरी सोही वमोजिमा लक्षित वर्गहरुको समिति गठन गरी आवश्यकताका आधारमा कार्यक्रमहरु सञ्चालन गर्दै लगिने छ।

२४. महिला तथा बालबालिका र लक्षित वर्गतर्फ रु. ३०,००,०००। (तीस लाख) बजेट विनियोजन गरीएको छ।

कृषी विकासतर्फः

२५. बालि संरक्षण कार्यक्रमअन्तर्गत कृषकहरुले लगायतका अन्नबालीमा अकस्मिक रुपमा आइ पर्ने फौजीकिरालगायतको क्षतिलाई कम गर्नका लागि आकस्मिक बाली संरक्षण कार्यक्रमअन्तर्गत आवश्यक बजेट बिनियोजन गरिएको छ।

२६. कृषी कार्यलाई आधुनिकीकरणतर्फ लैजानका लागि किवी थाक्रा व्यवस्थापन कार्यक्रमका लगि रु. १०,००,०००। बजेट बिनियोजन गरिएको छ।

२७. माटोको उर्वराशक्तिलाई कायम राखी कृषी उत्पादनमा जोड दिनका लागि वडा वडामा माटो परीक्षण शिविर सञ्चालन गर्नका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ।

२८. मौरी पालनलाई थप व्यवस्थित बनाउँदै आधुनिक मौरी पालन गर्नका लागि मौरी पालन तथा घार वितरण तालिम संचालन गरीने छ। यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२९. गाउँपालिका क्षेत्रभित्र रहेका रैथाने बालीहरुलाई संरक्षण गर्नका लागि कृषक, कृषी सहकारीसँग समन्वय गरेर कार्यक्रमहरु सञ्चालन गरिने छ । लोपोन्मुख अवस्थामा रहेका त्यस्ता बालीहरुलाई संरक्षण गर्नका लागि उक्त बालीको बीउ बीजनका मिनि किट बितरण गर्नका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

३०. **कृषीतर्फ जम्मा** ४०,००,०००। (**चालीस लाख**) **बजेट बिनियोजन गरेको छु । सशर्ततर्फ प्राप्त रु. ४२,४५,०००।** (**बयालिस लाख पैतालिस हजार**) **गरि जम्मा ८२,४५,०००।** (**बयासी लाख पैंतालिस** हजार) बजेट **को व्यवस्था गरिएको छ।**

पशु सेवातर्फः

३१. उन्नत जातका गाइ र भैसी पालन गरेका कृषकहरुलाई ६० प्रतिशतअनुदानमा गोठसुधार कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि ९ लाख ६० हजार बजेट बिनियोजन गरीएको छ। यस कार्यक्रमबाट उन्नत जातको पशुहरूको उत्पादन हुनेमा विश्वास लिइएको छ ।

३२. **कृत्रिम गर्भाधान सेवा** सन्चालनको लागि आवश्यक पर्ने माइनर **उपकरण तथा तरल नाइट्रोजन** खरिदको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३३. **पशु सेवातर्फ जम्मा** ३०,००,०००। (**तीस लाख**) **बजेट बिनियोजन गरेको छु । सशर्ततर्फ प्राप्त रु. २४,५२०००/- (चौबिस** लाख **बाउन्न हजार रुपैयाँ**) **गरि जम्मा ५४,५२,०००/- (चौवन्न लाख बाउन्न हजार रुपैयाँ मात्र**) बजेट कायम भएको छ ।

३४. यस गाउँपालिका क्षेत्रभित्र रहेको पर्यटकीय क्षेत्रहरुको पहिचान गरी विकास गर्नका लागि पर्यटन गुरु योजाना तर्जुमा गरिने छ । सोही गुरु योजनको आधारमा पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन सम्बन्धी गतिविधिहरु सञ्चालन गरिने छ ।

३५. गाउँपालिकाका ६ वटै वडाहरूमा स्थापित **मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिद**, महाराजथान, ग्रामथान लगायत धार्मिक तथा सांस्कृतिक आस्थाका धरोहरहरूको संरक्षण, सम्वर्धन र सञ्चालनमा आवश्यक सहयोग गर्ने व्यवस्था मिलाएको छु ।

३६. टुरिजम एप्स निर्माण गरि पालिकाका विभिन्न पर्टकिय स्थलहरुकव प्रचार प्रसार तथा प्रवर्धन गरिने छ।

प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ

३७. प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता अभिबृद्धि गर्न रोजगार सेवा केन्द्रको सुदृढिकरणको व्यवस्था मिलाएको छु । सशर्त बजेटको परिधि भित्र रहि नेपाल सरकारले तोकेको न्यूनतम १०० दिनसम्मको रोजगारी उपलब्ध गराउन श्रमिकहरूको

परिचालनको व्यवस्था मिलाउने व्यवस्था गरीएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालनको लागि आवश्यक पर्ने सुरक्षा सामग्री र ज्याला व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तरगत सशर्त अनुदानतर्फ रोजगारी सृजना (नेपाल सरकार) तर्फ रु २३२२०००/- र रोजगारी सृजना (आइ डि ए) रु २६७२०००/- गरी एकमुष्ठ रु. **४९,९४,०००/-** ( **उन्पचास लाख चौरानब्बे हजार) रुपैयाँ मात्र** बजेट सूचिकृत श्रमिकको ज्यालयादारीको लागि बिनियोजन गरिएको छ ।

लघु उद्यम विकास कार्यक्रमतर्फः

३८. सशर्त बजेटको परिधिभित्र रहि **लघु उद्यम विकास कार्यक्रम** सन्चालनको व्यवस्था मिलाईएको छ । आगामि आ.व.२०८१/०८२ मा नयाँ उद्यमी श्रृजना गर्ने व्यवस्था मिलाईएको छ । साथै उद्यमी स्तरोन्नतीको समेत कार्यक्रम सन्चालनको व्यवस्था मिलाईएको छ ।

सडक, खानेपानी, भवन, मठमन्दिरतर्फः

३९. **संघिय विशेष अनुदान तर्फ फँलाटे खानेपानी आयोजनालाई रु १ करोड ७५ लाख, कोशी प्रदेश समपूरक अनुदान अन्तर्गत नयाबजार गुम्बा डाडा घारेगाउ सर्सिङ् सडक वडा न. १ र २ रु ३२ लाख ५० हजार, गुम्वापथ आरुबोटे प्रेमेजुङ माङचोक हात्तीटार सडक रु ६५ लाख निर्माण** कार्य अगाडी बढाउनका लागि व्यवस्था गरीएको छ । डि.पि.आर.बन्न बाँकी सडकहरूको डि.पि.आर्. तयार गर्ने व्यवस्था मिलाएको छु ।

४०. आगामि आ.व.२०८१/०८२ मा देहायका सडकहरू स्तरउन्नती गर्नका लागि बजेट विनियोजन गरेको छु । उल्लेखित सडकहरूलाई भाद्र मसान्तभित्र ठेक्का/उपभोक्ता समितिबाट सम्झौता गरी कार्यान्वयन गर्नका लागि आवश्यक व्यवस्था गरीएको छ।

- डम्पिङ साइड ढल व्यवस्थापन वडा नम्बर-१
- जोरधारा नाली मर्मत वडा नम्बर-१
- जोगमाईखोला पक्की पुल छेउ सबदाह निर्माण वडा नम्बर-२
- इलाका प्रहरी कार्यालय नयाँबजार भान्सा घर तथा टहरो निर्माण
- कालिका देवि सहकारी शौचालय निर्माण वडा नम्बर-१
- कामि खोल्सी सप्तकालि आ.वि अर्जुन गोलाई भोटेटार थुम्के सडक स्तरोन्नती वडा नम्बर-२

- राष्ट्रिय आ.वि. भवन मर्मत सम्भार वडा नम्बर-५
- जिवन गोलाई मादेन गाउँ ताङखे मलुमझुवा सडक स्तरोन्नती वडा नम्बर-५
- भिमवर्ने भञ्ज्याङ थापा डाँडा तिन कुने सडक स्तरोन्नती वडा नम्बर-५
- अमरकल्याण मा.वि सभाहल फर्निचर व्यवस्थापन
- सार्वजनिक शौचालय खोल्मे काजीभिर २ नम्बर वडा कार्यालय जाने सडक स्तरोन्नती वडा नम्बर-२
- रोक्का गाउँ ओखरबोटे चारबरपिपल सडक स्तरोन्नती वडा नम्बर- ३ र ४
- फर्सु काफ्लेको घर देखि टोल नम्बर ४ हुँदै कृषि सडक वडा नम्बर-६
- पोख्रेल गाउँ खरेल गाउँ सडक स्तरोन्नती वडा नम्बर-१
- गत आवको क्रमागत आयोजनाहरु

४१. आगामि आर्थिक वर्ष २०८१।०८२ का लागि वडा गत, विषयगत शाखा, अन्य विविध कार्यक्रम तथा विभिन्न कोष तर्फ तपशिल बमोजिमको बजेटको व्यवस्था गरीएको छ ।

| वडा गत बजेट | | |
|---|---|---|
| वडा नम्बर-१ | ५१५०००० | एकाउन्न लाख पचास हजार रुपैयाँ मात्र |
| वडा नम्बर-२ | ५१५०००० | एकाउन्न लाख पचास हजार रुपैयाँ मात्र |
| वडा नम्बर-३ | ४९००००० | उननचास लाख रुपैयाँ मात्र |
| वडा नम्बर-४ | ४९००००० | उननचास लाख रुपैयाँ मात्र |
| वडा नम्बर-५ | ५५००००० | पचपन्न लाख रुपैयाँ मात्र |
| वडा नम्बर-६ | ५५००००० | पचपन्न लाख रुपैयाँ |

| | | |
|---|---|---|
| | | मात्र |
| जम्मा- | ३११००००० | तीन करोड एघार लाख रुपैयाँ मात्र |
| विषयगत शाखातर्फ योजनाहरु | | |
| कृषी विकास शाखा | ४०००००० | चालीस लाख रुपैयाँ मात्र |
| पशु सेवा शाखा | ३०००००० | तीस लाख रुपैयाँ मात्र |
| शिक्षा शाखा | ४०००००० | चालीस लाख रुपैयाँ मात्र |
| स्वास्थ्य शाखा | ४५००००० | पैंतालिस लाख रुपैयाँ मात्र |
| सामाजिक विकास शाखा | २७००००० | सत्ताइस लाख रुपैयाँ मात्र |
| न्यायीक समिति | १०००००० | दस लाख रुपैयाँ मात्र |
| जम्मा | १९२००००० | एक करोड बयान्नब्बे लाख रुपैयाँ मात्र |
| विविध कार्यक्रम | | |
| सहकारी संस्था व्यवस्थापन तथा सञ्चालन | ६००००० | छ लाख रुपैयाँ मात्र |
| अध्ययन अनुसन्धान तथा पूँजीगत परामर्श सेवा | ४५००००० | पैंतालिस लाख रुपैयाँ मात्र |

| | | |
|---|---|---|
| खेलकुद तथा मनोरञ्जन | २७००००० | सत्ताइस लाख रुपैयाँ मात्र |
| मेसिनरी औजार | २०००००० | बीस लाख रुपैयाँ मात्र |
| लक्षित वर्ग विकास कार्यक्रम (महिला, आदिवासी जनजाती, दलित, अपाङ्ग, युवा तथा जेष्ठ नागरीक) | ३०००००० | तीस लाख रुपैयाँ मात्र |
| सूचना प्रविधि | १५००००० | पन्ध्र लाख रुपैयाँ मात्र |
| फर्निचर तथा फिक्चर्स | १५००००० | पन्ध्र लाख रुपैयाँ मात्र |
| टोल विकास संस्था अनुदान | ३००००० | तीन लाख रुपैयाँ मात्र |
| सवारी साधन खरिद | ५०००००० | पचास लाख रुपैयाँ मात्र |
| वन वातावरण तथा विपद व्यवस्थापन | ६००००० | छ लाख रुपैयाँ मात्र |
| उपाध्यक्ष सँग युवा उद्यमि | १५००००० | पन्ध्र लाख रुपैयाँ मात्र |
| निर्मित सार्वजनिक | १५००००० | पन्ध्र लाख रुपैयाँ |

| | | |
|---|---|---|
| सम्पत्तिहरुको मर्मत सम्भार | | मात्र |
| जनता विमा कार्यक्रम | १५००००० | पन्ध्र लाख रुपैयाँ मात्र |
| दिर्घरोगीका लागि सोध भर्ना रकम | १०००००० | दस लाख रुपैयाँ मात्र |
| एक वडा एक उत्पादन | १५००००० | पन्ध्र लाख रुपैयाँ मात्र |
| | २८७००००० | दुई करोड सतासी लाख रुपैयाँ मात्र |
| विविध कोष | | |
| समपूरक कोष (प्रदेश,संघ, समपुरक र शसर्त अनुदान तर्फ) | २१५००००० | दुई करोड पन्ध्र लाख रुपैयाँ मात्र |
| प्रकोप व्यवस्थापन कोष | ४००००० | चार लाख रुपैयाँ मात्र |
| अन्तरपालिका साझेदारी कार्यक्रम/आयोजना | ५००००० | पाँच लाख रुपैयाँ मात्र |
| | २२४००००० | दुई करोड चौबीस लाख रुपैयाँ मात्र |
| योजनाहरु: | | |
| क्रमागत योजनाहरु | १०१००००० | एक करोड एक लाख रुपैयाँ मात्र |

| | | |
|---|---|---|
| गाउँपालिका स्तरीय योजनाहरु | १०६००००० | एक करोड छ लाख रुपँया मात्र |
| जम्मा पूँजीगत तर्फ- | १२२१०००००० | बाह्र करोड एक्काईस लाख रुपैयाँ मात्र |
| चालू तर्फ- (गाउँपालिका चालु+वडागत चालु) | ८३०५०००० | आठ करोड तीस लाख पचास हजार रुपैयाँ मात्र |

जम्मा गाउँपालिका तर्फ (क)-

चालु- ८३०५००००/-(आठ करोड तीस लाख पचास हजार रुपैयाँ मात्र)पुँजिगत- १२२१०००००/- (बाह्र करोड एक्काईस लाख रुपैयाँ मात्र

) जम्मा रु २०,५१,५०,०००/-(बिस करोड एक्काउन्न लाख पाँच सय रुपैयाँ मात्र)

संघिय सशर्त बजेट तर्फ (ख)- रु २२,६९,०९,०००/- (बाईस करोड उनान्सत्तरी लाख नौ हजार)

प्रदेश सशर्त बजेट तर्फ (ग)- रु २,३१,०४,०००/- (दुई करोड एकतिस लाख चार हजार रुपैयाँ मात्र)

जम्मा (क+ख+ग)= ४५,५१,६३,०००/- (पैतालिस करोड एक्काउन्न लाख त्रीसठ्ठी हजार रुपैंया मात्र)

४२. आर्थिक विकास तर्फ १०६०००००/- एक करोड छ लाख मात्र, पूर्वाधार विकासका ७,६७,८०,०००/- (सात करोड सठसठ्ठी लाख अस्सीहजार), समाजिक विकास तर्फ रु २३६०००००/- दुई करोड छत्तिस लाख मात्र, वन वातावरण तथा विपद व्यवस्थापन तर्फ रु १००००००/- दश लाख रुपैयाँ, सामान्य सार्वजनिक सेवा, संस्थागत क्षमता विकास, सुशासन र सुदृढीकरण तर्फ ८३०५००००/- आठ करोड तीस लाख पचास हजार रुपैयाँ मात्र, अन्य विविध कार्यक्रम तर्फ १०१२००००/- एक करोड एक लाख बीस हजार रुपैयाँ मात्र गरी रु २०५१५००००/- बिस करोड एक्काउन्न लाख पचास हजार रुपैयाँ मात्र बजेट बिनियोजन गरिएको छ ।

<u>वस्ती विकास तथा सहरी योजना</u>

४३. भू-वर्गीकरणको कार्य सम्पन्न भइ सकेको हुँदा सोही आधारमा गाउँपालिकाको आफ्नै **भूउपयोग योजना** तयार गरी सोहीअनुसार विकास निर्माण कार्य सञ्चालन गर्नका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

४४. गाउँपालिका क्षेत्रभित्र निर्माण भएको तथा निर्माण हुने भवनलगायतका संरचनाहरुलाई अद्यावधिक तथा नक्सा पास प्रक्रियालाई व्यवस्थित गर्नका लागि नेपाल सरकारद्वारा जारी बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्डलाई कडाइका साथ लागू गरिनेछ ।

४५. **टोल बिकास संसथा (गठन तथा परिचालन) कार्यविधि** वमोजिम सबै वडामा टोल विकास संस्था ी सक्रिय रुपमा परिचालन गरिने छ ।

<u>संस्थागत विकास तथा सुशासन</u>

४६. तोकिएको कार्य सम्पादन नगर्ने कर्मचारीलाई दण्डित गर्ने र राम्रो कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कार र सम्मान गर्ने व्यवस्था मिलाएको छु । प्रत्येक वर्ष **कर्मचारी पुरस्कार** गर्ने व्यवस्था मिलाएको छु । कर्मचारी पुरस्कार तर्फ सम्मान पत्र सहित रु. ५०००/- (पाँच हजार) दिने संस्थागत व्यवस्था मिलाएको छु ।

४७. सबै वडा कार्यालयहरूमा सि.सि. क्यामरा/IP Phone (आइपी फोन)जडानको लागि बजेट व्यवस्था गरेको छु । यसबाट कार्यालयको सुरक्षामा सहयोग पुग्ने विश्वास राखेको छु ।

४८. स्थानीय सरकारको सबै जनप्रतिनिधीहरूको डिजिटल प्रोफायल निर्माणलाई दायीत्वको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४९. महालेखा परीक्षकककको कार्यालयबाट भएको आर्थिक वर्ष २०७९/०८१ तर्फको लेखा परीक्षण प्रतिवेदनले औंल्याइएको बेरुजुहरूलाई यकिन गरि तोकिएको समयमा बेरुजु

फछ्र्यौटको व्यवस्था मिलाईने छ। वित्तीय सुशासन र पारदर्शीता कायम हुने गरि मात्र खर्च गर्ने व्यवस्थालाई कडाईका साथ पालना गरिने छ।

५०. **आन्तरिक आय श्रोतको वृद्धि स्थानीय तहको समृद्धि** भएकोले आन्तरिक कर प्रशासनलाई चुस्त दुरुस्त र पारदर्शी बनाईने छ। प्रविधिको उपयोग गरि जुनसुकै स्थानबाट समेत अनलाईन कर तिर्ने प्रक्रिया सुरु भइसकेको हुँदा सोको प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ। Connect IPS(कनेक्ट आइपीएस), Phone Pay (फोन पे) जस्ता Digital Payment Platform (डिजिटल पेमेन्ट प्लाटफर्म) को उपयोग गरी विद्युतीय भुक्तानीको व्यवस्था मिलाइने छ।

५१. घरवहाल कर प्रभावकारी रूपमा संकलन हुन नसकेको हुँदा घर वहाल कर संकलन कार्यविधि अनुसार स्व घोषणाको माध्यमबाट कर दाखिला गर्न आह्वान गरिनेछ। साथै घर वहाल कर संकलनको लागि स्थलगत रूपमा टोली खटाइने छ। सम्बन्धित घरधनीहरूबाट नियमानुसार व्यक्तिगत तर्फ ५ प्रतिशत र संस्थागत तर्फ १० प्रतिशत घरवहाल कर दाखिला गर्ने व्यवस्थालाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

५२. गाउँपालिका क्षेत्रमा रहेका व्यवसायहरूलाई दर्ता, नविकरण, वर्गीकरण, खारेजी दण्ड जरिवानालाई कानूनद्धारा नै एकरूपता ल्याउने गरि **व्यवसाय कर सम्बन्धी कार्यविधि** तयार गरी सोहि कार्यविधिका आधारमा व्यवसाय कर असुली र व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ। व्यवसाय गर्ने सबै व्यवसायीहरूलाई अनिवार्य रूपमा दर्ता र समयमै नविकरण गर्न सूचना प्रवाह गरिनेछ आवश्यकता अनुसार करदाता शिक्षा, बजार अनुगमनजस्ता कार्यलाई उद्योग वाणिज्य संघ, बजार व्यवस्थापन समिति र टोल विकास समितिहरूको सहकार्यमा अगाडि बढाईने छ।

५३. सुशासन र सूचनाको हकलाई प्रत्याभूत गर्दै गाउँपालिका मार्फत् सञ्चालन गरिने **३ लाख**भन्दा माथिका हरेक आयोजनाको कार्य विवरण खुल्ने गरि आयोजना सूचना पाटी आयोजनास्थलमा राख्ने कार्यलाई अनिवार्य बनाइनेछ। आयोजना सूचना पाटी नराख्ने उपभोक्ता समिति र निर्माण व्यवसायिको भुक्तानी रोक्का गरिनेछ।

५४. उपभोक्ता समितिलाई पेश्की दिने कार्य पूर्ण रूपमा बन्देज गरिएकोले सोलाई निरन्तरता दिइनेछ। सेवा प्रवाहमा कर्मचारीलाई कुनै पनि प्रकारको वहाना वा मोलाहिजा गर्न दिइने छैन। नागरिकहरूले तिरेको करलाई उच्च सम्मान गर्दै भ्रष्ट्राचारमा शुन्य शहनशीलता अपनाईने छ।

५५. सुशासन कायम गर्ने परिधिभित्र रहेका विभिन्न विषयगत समितिलाई सक्रिय, नियमित र चलायमान बनाउँदै समितिको प्रतिवेदन तथा सुझावका आधारमा अगाडि बढ्ने नीति गाउँपालिकाले अवलम्बन गर्ने छ। सूचनाको हकसम्बन्धी कानूनले प्रत्याभूत गरेका विषयहरूलाई गाउँपालिकाले सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

**५६**. गाउँपालिकाको सबै प्रकारका गतिविधीहरू समेटेर चौमासिक रूपमा **माइजोगमाई बुलेटिन** प्रकाशित गरिनेछ । यसबाट टोल वस्तीस्तरमा समेत गाउँपालिकाको कार्य प्रकृया, गतिविधी, विकासको अवस्था जस्ता विषयमा सूचना प्रवाह हुने विश्वास लिइएको छ ।

**५७**. गाउँपालिकामा **सूचना केन्द्र**को स्थापना गरिने छ । उक्त केन्द्रमा पालिकाभित्रका र स्थानीय तहसँग सम्बन्धित सबै प्रकारका सूचनाहरू उपलब्ध हेुन गरि सूचना बैंकको व्यवस्था मिलाईनेछ । वडास्तर र टोल विकास समितिहरूमा समेत विभिन्न सूचनाहरू वडा कार्यालयमार्फत् पुग्ने व्यवस्था मिलाइनेछ ।

**५८**. गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त, दुरुस्त, भरपर्दो र व्यवस्थित बनाउनका लागि आफ्नै प्रशासनिक भवनको तला थप गर्नका लागि सम्बन्धित निकायमा बजेट माग गरिरएको छ ।

**सभाध्यक्ष ज्यू**

उल्लेखित सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता र क्षेत्रगत नीतिहरू तथा कार्यक्रमहरू पूरा गर्नका लागि अव म आर्थिक वर्ष २०८१/०८२ को बजेट (आय-व्यय) विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

*कूल आयतर्फ* **रु** ४५,५१,६३,०००**/-** (पैतालिस करोड एक्काउन्न लाख त्रीसठ्ठी हजार रुपैँया मात्र)

कूल आयतर्फ रु ४५,५१,६३,०००/- (पैतालिस करोड एक्काउन्न लाख त्रीसठ्ठी हजार रुपैँया मात्र)

व्ययमध्ये चालु तथा प्रशासनिक खर्च, वडा कार्यालय प्रशासनिक खर्च र विषयगत शाखाहरूको खर्च र पुँजीगत खर्चहरू शिर्षकगत रूपमा देहाय अनुसार प्रस्ताव गरेको छु:

१. **पूँजिगत तथा** चालु खर्चतर्फ

विषयगत क्षेत्रतर्फ **(पालिका तर्फ)**

- आर्थिक विकास तर्फ १०६०००००/- एक करोड छ लाख रुपैयाँ मात्र,
- पूर्वाधार विकासका ७,६७,८०,०००/- (सात करोड सठसठ्ठी लाख अस्सीहजार) रुपैयाँ मात्र,

- समाजिक विकास तर्फ रु २३६००००/- दुई करोड छत्तिस लाख मात्र,
- वन वातावरण तथा विपद व्यवस्थापन तर्फ रु १००००००/- दश लाख रुपैयाँ मात्र,
- सामान्य सार्वजनिक सेवा, संस्थागत क्षमता विकास, सुशासन र सुदृढीकरण तर्फ ८३०५००००/- आठ करोड तीस लाख पचास हजार रुपैयाँ मात्र,
- अन्य विविध कार्यक्रम तर्फ १०१२००००/- एक करोड एक लाख बीस हजार रुपैयाँ मात्र,गरी जम्मा रु २०५१५००००/- बिस करोड एक्काउन्न लाख पचास हजार रुपैयाँ मात्र बजेट बिनियोजन गरिएको छ ।

**सभाध्यक्ष ज्यू,**

प्रस्तुत गरिएको आय व्यय विवरण भएको बजेट कार्यान्वयनका लागि माइजोगमाई गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको **आर्थिक विधेयक २०८१** र स्थानीय सञ्चित कोषमा आय तथा खर्च गर्नका लागी बनेको **माइजोगमाई गाउँपालिकाको विनियोजन विधेयक २०८१** तथा सो सँग सम्बन्धित विभिन्न अनुसूचिहरू समेत स्वीकृतीको लागि यस गरिमामय सभा समक्ष पेश गरेको छु ।

अन्त्यमा, प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्गदर्शन प्रदान गर्नु हुने गाउँपालिका अध्यक्ष ज्यू, विभिन्न विषयगत समितिका संयोजक ज्यूहरू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरू, गाउँसभाका सदस्य ज्यूहरु, राजश्व परामर्श समितिका सदस्य ज्यूहरू, राजनैतिक दलका सम्पूर्ण पदाधिकारी ज्यूहरू, सहकारी अभियान्ता ज्यूहरू, निजी क्षेत्रसँग सम्बन्धित सम्पूर्ण व्यत्तित्वहरू, सन्चार जगत, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरूलगायत सम्पूर्ण कर्मचारी साथीहरू साथै आआफ्नो ठाउँबाट आवश्यक सहयोग गर्नु हुने अन्य माइजोगमाईवासी दाजुभाई तथा दिदी बैनीप्रति हार्दिक आभार प्रकट गर्दछु । धन्यवाद ।

प्रबिना राई
उपाध्यक्ष
एवम्
बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक
मिति २०८१ असार १० गते सोमबार